# नेपाली मुद्राको चलन चल्ती बढाउने ऐन, २०१४

*(मिति २०७४ साल पौष मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)*

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

# नेपाली मुद्राको चलन चल्ती बढाउने ऐन, २०१४


लालमोहर सदर मिति — २०१४।३।२९

नेपाल राजपत्रमा प्रकाशन मिति — २०१४।४।७

प्रमाणीकरण र प्रकाशन मिति

गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◆ — २०६६।१०।७

२०१४ सालको ऐन नं. ३


■................

नेपाली मुद्राको चलन चल्ती बढाउनको निमित्त बनेको ऐन

एकै मुद्राको आधारमा देशको आर्थिक व्यवस्थालाई सुदृढ र सन्तुलित पार्नको निमित्त नेपालभर मुलुकमा नेपाली मुद्राको चलन चल्ती बढाउन आवश्यक भएकोले श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलको सल्लाह अनुसार यो ऐन बनाई जारी गरिबक्सेकोछ ।

१. संक्षिप्त नाम, विस्तार प्रारम्भ : (१) यस ऐनको नाम "नेपाली मुद्राको चलन चल्ती बढाउने ऐन, २०१४" रहेकोछ ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेका मिति देखि लागू हुनेछ ।α

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "नेपाली मुद्रा" भन्नाले नेपाल सरकारले वा नेपाल राष्ट्र बैङ्कले निष्कासन गरेको नोट र नेपाल सरकारले निष्कासन गरेको मोहर, रुपैयाँ, रेचकी वा पैसालाई जनाउँछ ।

(ख) "विदेशी मुद्रा" भन्नाले नेपाली मुद्रा बाहेक अरु मुद्रा सम्झनु पर्छ ।

३. मोल वा फी ज्याला इत्यादि रकम नेपाली मुद्रामा दिन सकिने : यो ऐन लागू भएको क्षेत्रमा कसैले कसैसँग मालसामानको खरिद बिक्रीमा मोल बापत कुनै रकम दिनु पर्दा वा कसैले कसैलाई कुनै काम कुराको निमित्त फी ज्याला, मजुरी, भाडा वा यस्तै अरु कुनै रकम दिन पर्दा नेपाली मुद्रामा दिन ल्याएमा वा त्यस्तो कुनै रकम विदेशी मुद्रामा निर्धारित भएको भए तापनि त्यसको भुक्तानी दिनु पर्दा सो भुक्तानी गर्ने दिनमा नेपाल राष्ट्र बैङ्कमा चलेको सटही दरमा नेपाली मुद्रामा दिन ल्याएमा बुझी लिनु पर्नेछ ।

तर नेपाल सरकारसँगको लेनदेन र व्यवहारमा यो दफा लागू हुने छैन ।

४. विदेशी मुद्रामा भएको लेनदेनको रकम नेपाली मुद्रामा बुझाउन सकिने : कसैले विदेशी मुद्रामा गरेको कुनै लेनदेनमा सो रकम तत्काल यो ऐन लागू रहेको क्षेत्रमा बुझाउनु पर्दा सो बुझाउन ल्याएको दिनमा नेपाल राष्ट्र बैङ्कमा चलेका दरमा नेपाली मुद्रामा बुझाउन ल्याएमा बुझी लिनु पर्नेछ ।

५. बचाउ : नेपाल सरकार र नेपाल सरकारद्वारा अधिकृत व्यक्ति वा संस्था र व्यवहारमा माथिका ३।४ दफा लागू हुने छैन ।

६. दण्ड सजाय : कसैले दफा ३ वा ४ बमोजिम बुझाउन ल्याएको नेपाली मुद्रा बुझी नलिएमा निजलाई रु. १००।- एक सय देखि रु. १०००।- एक हजारसम्म जरिबाना हुनेछ ।

७. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ ।

---

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गते देखि लागू भएको ।

■ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

α ऐन लागू भएको स्थान र मिति :-

१. काठमाडौं उपत्यका, पूर्व १, २, ३ र ४ नं., पश्चिम १, २, ३ र ४ नं., धनकुटा, पाल्पा, बाग्लुङ, सल्यान, जुम्ला तथा दैलेख जिल्लाहरुमा २०१७।१।१ देखि लागू (नेपाल राजपत्र- मिति ०१७।१।२७)
२. इलाम र बैतडी जिल्लामा २०१८।३।१ देखि लागू (नेपाल राजपत्र- मिति ०१८।२।३२)
३. डोटी जिल्लामा २०१८।५।१ देखि लागू (नेपाल राजपत्र- मिति २०१८।४।३०)
४. बाँकी सबै जिल्लाहरुमा २०२२।९।१ देखि लागू (नेपाल राजपत्र- मिति ०२२।८।३०)

द्रष्टव्य : केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरु :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।